# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ।
बागमती प्रदेश, नेपाल।

पत्र सङ्ख्याः०७८/०७९
चलानी नं ३०३६

मितिः २०७९-०३-२८

**विषयः सामाजिक सुरक्षा परिचयपत्र नवीकरण मम्वन्धी अत्यन्त जरुरी सुचना**

चालु आ.व २०७८/०७९ देखि त्रैमासिक वजेट निकामा गरी असोज मसान्त भित्र पहिलो त्रैमामिक मामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने भएको हुदाँ सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका जेष्ठ नागरिक,जेष्ठ दलित, ६० वर्षमाथीका र मुनिका एकल महिला,अशक्त/अपाङ्गता भएका व्यक्ति, लोपन्मुख जाती र सिद्धलेकभरका दलित समुदायका ५ वर्ष भन्दा कम उमेरका बालबालिकाहरुको विवरण २०७९ श्रावण १ गते देखि भाद्र मसान्त भित्र नविकरण गरी सक्नुपर्ने भएकोले सोही बमोजिम नविकरण तथा लगत अध्यावधिक गर्नुहुन अनुरोध छ।

याद गर्नुहोस् है नविकरण गर्ने मिति २०७९ साल श्रावण १ देखि भाद्र मसान्तमम्म।
सामाजिक सुरक्षा परिचयपत्र दिएर आफ्नो स्थायी ठेगाना रहेको वडामा लाभग्राही स्वयं वा मंरक्षकका उपस्थितीमा नाम नविकरण गराउन सकिन्छ।
यदि तोकिएको समयमा कसैको नविकरण नगराएमा प्रणालीवाट नाम हट्ने छ। पुनः नयाँ लाभग्राहीका रुपमा नाम दर्ता गर्नु पर्नेछ सो विचको अवधिको सामाजिक सुरक्षा भत्ता प्राप्त हुने छैन्।
सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीले नयाँ नामावलीमा सुचिकृत हुन ममेत आफ्नो वडामा सम्पर्क गरौ।

**आवश्यक कागजपत्रहरु**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- पासपोट साईजको २ प्रति फोटो
- सामाजिकर सुरक्षा प्राप्त गरिरहेको परिचयपत्रको प्रतिलिपी परिचयपत्र नम्वर
- बालवालिकाको हकमा जन्मदर्ता प्राणपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- असहाय एकल/विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारिस
- विवाह नगरी ६० वर्ष उमेर पुरा भएकी महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस
- सम्वन्ध विच्छेद गरी अर्को विवाह नगरेकी ६० वर्ष माथिका महिलाको हकमा सम्वन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपी
- न्यायीक पृथकीकरण गरी बसेका ६० वर्ष माथिका महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाणपत्रको प्रतिलिपी
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकावाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- आवश्यकता अनुसार बसाईसराई दर्ता प्रमाणपत्र तथा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी

**नोटः- तोकिएको समयमा नविवरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन।**

२०७९/४/२५

नन्दलाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ**
श्री सञ्चार माध्यमहरु (निलकण्ठ एफ.एम, रेडियो धादिङ,रेडियो विहानी) सुचना प्रमारण गरिदिनुहुन।
श्री वडा कार्यालय सवै सिद्धलेक गाउँपालिका, आवश्यक प्रचार प्रमार गरि नविकरण गर्नुहुन।
श्री सुचना प्रविधी शाखा, सिद्धलेक गाउँपालिका, पत्र वेवसाईटमा अपलोड गरिदिनुहुन।

नन्दलाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner